# नेपाल राजपत्र

## भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, आषाढ २ गते २०२६ साल

श्री ५ को सरकार

गृह पञ्चायत मन्त्रालयको

सूचना

गाउँ पञ्चायत वा नगर पञ्चायतको निर्वाचनमा मतदान दिन पाउने सम्वन्धित वडाका सरकारी कर्मचारीले मतदान दिने कुराको पूर्व सूचना गरेमा मतदान गर्ने दिन मतदान गर्न चाहिने समयको लागि सरकारी कामबाट फुर्सद गरिदिने श्री ५ को सरकारले निर्णय गरेको हुंदा सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

आज्ञाले—
उपरथी क्षेत्रविक्रम राणा
श्री ५ को सरकारको सचिव ।



१४४

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

## गृह पञ्चायत मन्त्रालयको

## सूचना

श्री ५ को सरकारले जिल्ला पञ्चायत कार्यालय सिरहाका पञ्चायत विकास अधिकारी श्री छत्रप्रकाश प्याकुरेललाई सोही जिल्लाको रिक्त प्रमुख जिल्ला अधिकारी पदमा मिति २०२५।८।२६ देखि कायम मुकायम मुकरर गरेको छ ।

आज्ञाले–

सुन्दरप्रसाद शाह

श्री ५ को सरकारको सचिव ।

श्री ५ को सरकार

## गृह पञ्चायत मन्त्रालयको

## सूचना

यस मन्त्रालयका से.अ. श्री तेजप्रसाद उपाध्याय अमेरीकामा अध्ययन गर्न जानु भएकोले उहां फर्की हाजीर नभए सम्मको लागि सो पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी तल सहिछाप गर्ने अधिकारीले यसै मन्त्रालयको ना. सु. श्री सुरेशमान डंगोललाई मिति २०२६।१।२६।५ देखि कायम मुकायम मुकरर गरेको छ ।

सुन्दरप्रसाद शाह

श्री ५ को सरकारको सचिव ।

श्री ५ को सरकार

## गृह पञ्चायत मन्त्रालयको

## सूचना

श्री ५ को सरकारले जिल्ला पञ्चायत कार्यालय डोटीका पञ्चायत विकास अधिकारी श्री हिरण्यलाललाई बझाङ्ग जिल्लाको रिक्त प्रमुख जिल्ला अधिकारी पदमा मिति २०२५।११।१६ देखि कायम मुकायम मुकरर गरेको छ ।

आज्ञाले–

सुन्दरप्रसाद शाह

श्री ५ को सरकारको सचिव ।

१५०

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।